# लेकम गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १, संख्याः २, मितिः २०८१/०१/२४

## भाग - १

# शिक्षा ऐन २०७७

गाउँसभाबाट स्वीकृत मितिः २०७७/४/११

# लेकम गाउँपालिका शिक्षा ऐन - २०७७

# लेकम गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रातामाटा, दार्चुला

सुदूरपश्चिम प्रदेश,

नेपाल



CamScanner

# लेकम गाउँपालिका शिक्षा ऐन,२०७७

- गाउँ सभाबाट स्वीकृत मिति: २०७७/०४/११
- प्रमाणीकरण मिति: २०७७/०४/११
- पहिलो संसोधन मिति: २०७९/०३/३१

**प्रस्तावना:** नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र लेकम गाउँपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी लेकम गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "लेकम गाउँपालिकाको शिक्षा ऐन, २०७७" रहेको छ।
(२) यो ऐन लेकम गाउँपालिका क्षेत्रभर लागू हुनेछ।
(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-
(क) "ऐन" भन्नाले लेकम गाउँपालिका शिक्षा ऐनलाई सम्झनुपर्छ।
(ख) "संघीय शिक्षा ऐन"भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।
(ग) "प्रदेश शिक्षा ऐन"भन्नालेसुदूरपश्चिम प्रदेशकाकोसंसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।
(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको लेकम गाउँपालिकालाई सम्झनुपर्छ।
(ङ) "कार्यपालिका" भन्नाले लेकम गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।
(च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ।
(छ) "प्रारम्भिक बालशिक्षा भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकालाई दिइने प्रारम्भिक बालशिक्षा सम्झनुपर्छ।
(ज) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।
(झ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।
(ञ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखिकक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।
(ट) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।
(ठ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :-
(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,
(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।
(ड)"प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधकि ज्ञान सीप तथा विषय वस्तु सिकाईको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षलाई सम्झनु पर्छ।
(ढ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनुपर्छ।



CamScanner

(ण) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(त) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(थ) "प्राथमिक विद्यालय" भन्नाले खण्ड (ञ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(द) "आधारभूत विद्यालय" भन्नाले खण्ड (क) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(ध) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (क) र (ञ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(न) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्राप्त गरेकाको विद्यालयलाई सम्झनुपर्छ।

(प) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(फ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश नं.७ को शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ब) "शिक्षक सेवा आयोग" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनु पर्छ।

(भ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्छ।

(म) "विद्यालय शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको विद्यालय शिक्षक किताबखाना सम्झनु पर्छ।

(य) "प्रमुख" भन्नाले लेकम गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(र) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लेकम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ल) "शाखा प्रमुख" भन्नाले लेकम गाउँपालिकाको शैक्षिक शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(व) "निरीक्षक" भन्नाले विद्यालयको निरीक्षण एवं सुपरिवेक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ।

(श) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्त भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ।

(ष) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ष१) गाउँपालिका सहजकर्ता शिक्षक भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता पाउने गरी नियुक्त भएका शिक्षक सम्झनु पर्छ।

(स) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्नेप्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ह) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ।

(क्ष) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(त्र) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(ज्ञ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति वा सहायता र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ज्ञ१) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(ज्ञ२) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(ञ३) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(ञ४) "शिक्ष समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ञ५)"परीक्षा समिति" भन्नाले आधारभुत शिक्षाको अन्त्यमा लिइने परीक्षा संचालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्छ ।

(ञ६) "व्यवस्थापन समिति" भन्नाले यसै ऐन बमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ञ७)"संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ञ८) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ञ९) "सभा" भन्नाले लेकम गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(ञ१०)"स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ञ११)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने :**

(१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न र कक्षा थप गर्न चा चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिँदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो, सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा शाखा प्रमुले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउने छ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२)बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालाना तथा पूरा गरेमा गाउँ कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुंदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(५) दफा (४)बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम गाउँ शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३)मा जुन सुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क)सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख)सरकारी वासार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग)कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदाता व्यदिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) (क)शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन नगर्न चाहनेले शैक्षिक गुठी सम्बन्धि विधान बनाई गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

(ग) शैक्षिक गुठीक तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजि हुनेछ ।



CamScanner

(८) निजी स्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धि व्यवस्था उपदाफा (१)बमोजिम हुनेछ ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उदेश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पूरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०)मातृभाषामा शक्षि दिने विद्यालयको अनुमति सम्बन्धि व्यवस्था उपदफा (१) र (२)बमोजिम नै हुनेछ

(११) प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु इसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२)उपदाफा१बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयको सञ्चालन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(१)गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा, सञ्चालन व्यवस्थाको व्यवस्थागर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धि व्यवस्था साधारण शिक्ष सरह हुनेछ ।

(३)उपदफा (२)मा जुन सुकै कुरा लेखिएको भएता पनि विशेष शिक्षा तर्फ अध्ययनरत वालबालिकाको लागि पाठ्यकम, पाठ्यपुस्तक, सिकाई सहजीकरण प्रकिया र मूल्याङ्कन प्रणलीमा फरक व्यवस्थ ागर्न सकिने छ ।

(४) गाउँपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्र मार्फत साक्षरोत्तर एवं निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यकमहरु सञ्चालन गर्न सक्ने छ ।

(५) तोकिएको पूर्वाधार पूरा गरेको पाइएमा गाउँपालिकाले कुनै स्रस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्ने छ ।

(६) विशेष शिक्षा, समावेशी शिक्ष, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दुर तथा खुला शिक्षा सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५. शिक्षाको प्रकार:**

(१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ ।

(क) आधारभूत शिक्षा:

(१)साधारण शिक्षा

(२)परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षा:

(१)साधारण शिक्षा

(२)परम्परागत धार्मिक शिक्षा

(३)प्राविधिक तथा व्यवसायिक शिक्षा

**६. शिक्षाको माध्यम:**

(१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-



CamScanner

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धि व्यवस्था गाउँपालकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :**

१)विद्यालयले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम,पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नु पर्नेछ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धि अन्य व्यवस्था संघीय कानुन, प्रदेश कानुनमा व्यवस्था भए बमोजिम वा तोकिए बमोजिम हुनेछ।

**८. थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री स्वीकृति लिनुपर्ने :**

(१) कुनै विद्यालयले थप पाठयसामग्री वा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा पाठ्यक्रमविकास केन्द्रमा सुचीकृत थप पाठ्य सामग्री वापाठ्यपुस्तक प्रयोगका लागि स्थानीय शिक्षा अधिकारीबाट स्वीकृति लिनुपर्ने छ।

(२) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति स्थानीय शिक्षा अधिकारीबाट लिनुपर्ने छ।

**९. गाउँ शिक्षा समिति** :(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयकोव्यवस्थापन,रेखदेख र समन्वय लगायतका कार्य गर्नका लागि देहाय बमोजिमको गाउँशिक्षासमिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(घ)गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट महिला र दलित समुदायको प्रतिनिधत्व हुने गरी प्रमुखले तोकेको दुई जना - सदस्य

(ङ)सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(च)सम्बन्धित क्षेत्रभित्रका सामुदायिक/संस्थागतविद्यालयका प्रधानाध्यापकहरुमध्येबाट शिक्षा समितिले मनोनित गरेको दुई जना- सदस्य

(छ)स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील विज्ञ मध्येबाट समितिले मनोनित गरेको एक जना - सदस्य

(ज)शिक्षक महासंघको गाउँ समितिको अध्यक्ष वा निजले तोकेको महानगर समितिकोपदाधिकारी एक जना - सदस्य

(छ)गाउँपालिकाको शिक्षा शाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१)बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।



CamScanner

(३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार यस ऐनको अन्यत्र लेखिए बाहेक देहाय बमोजिम हुनेछ :

(क) बालबालिकालाई आधारभूत शिक्षा सम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख)विद्यालयमा भर्ना भएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइ राख्ने,

(ग)विद्यालयको शैक्षिक योजना सम्बन्धि अभिलेख अद्यावधिक गराइ राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोगपुऱ्याउन तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरिबीको रेखा मुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) गाउँपाकि क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) शिक्षकको कार्य दक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ड) विद्यालय स्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्थ ागर्ने,

(ढ) आफ्नो क्षेत्र भित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

(ण) आफ्नो क्षेत्र भित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गरुकुल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धि योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद जोखिमको अवस्था लेखा जोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सुधारका लागि गाउँ शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि सभामा पेश गर्ने,

(द) आफ्नो सेवा क्षेत्र भित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(ध) आफ्नो सेवा क्षेत्र भित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(न) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्य विधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्वाही गर्ने, गराउने,



CamScanner

(प) शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(फ) विद्यालय नक्सांकन तथा समायोजन सम्बन्धि कार्य गर्ने,

(ब) गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. शिक्षा समितिको बैठक:**

(१) गाउँ शिक्षा समितिको बैठक सामान्य तया दुई महिनामा एकपटक बस्नेछ ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउने छ ।

(३) बैठक सम्बन्धि अन्य कार्य विधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. परीक्षाको सञ्चालन र व्यवस्थापन:**

(१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्तयमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा गाउँपालिकाले सञ्चालन गर्ने छ ।

(३) आधारभूत तह उत्तीर्ण परीक्षा समिति आधारभूत तह उत्तीर्ण परीक्षाको संचालन तथा व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभूत तह उत्तीर्ण परीक्षा समिति हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

+ (ख) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

✓ (ग) गाउँपालिकाभित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये कम्तिमा एक जना महिला सहित परीक्षा समितिद्वारा मनोनित गरेका दुई जना - सदस्य

✓ (घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(४) समितिका मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ ।

(५)परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको बैठक सम्बन्धि कार्य विधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७)आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुने छ ।

क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

ख) गाउँपालिकाले तोकेको न्युनतम शैक्षिक स्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समूहगत रुपमा सञ्चालन गर्न अनुमति दिने,

ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

घ) प्रश्नपत्र निर्माण, उत्तरकुन्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

ङ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

छ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धि काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

---

+ पहिलो संसोधनद्वारा थप गरिएको

✓ पहिलो संसोधनद्वारा परिमार्जन गरिएको



CamScanner

ज)कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षाबदर गरी पुनःपरीक्षा गराउने वा त्यस्तो परिक्षा केन्द्र बन्द गर्ने,

झ)दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

ञ)नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने,

ट) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्य टोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

ठ) ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्ने,

१२. **गाउँ शिक्षा कोषः**(१)सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्य गर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुऱ्याउन गाउँपालिकामा एक गाउँ शिक्षा कोष रहनेछ ।

(२)उपदफा (१)बमोजिमको कोषमा देहायका रकमहरु रहने छन:-

(क)गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ग)शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,

(घ)अन्य स्रोतबाट प्राप्त रकम ।

(३)कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

१३.**विद्यालय व्यवस्थापन समितिः**(१)सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क)अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

✓ (ख) विद्यालय रहेको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य - सदस्य

(ग)विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर दश वर्ष देखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

(घ)विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एक जना - सदस्य

(ङ)विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२)विशेष सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहने छन् ।

(३) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुई जना प्रतिनिधि सदस्य रहने छन् ।

---

• पहिलो संशोधनद्वारा थप गरिएको

✓ पहिलो संशोधनद्वारा परिमार्जन गरिएको



CS CamScanner

(४)विदयालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५)विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) सम्बन्धित विद्यालय निरीक्षक र स्रोतव्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गरिनेछ ।

(७)संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क)विद्यालयका संस्थापक, लागनीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिकाले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एक जना महिला सहित दुई जना - सदस्य

✓ ग)विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य -सदस्य

(घ)शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एक जना - सदस्य

(च)विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(८) उपदफा (१),(४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुन सुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(९) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)विद्यालयको सञ्चालन, रेखदेख, अनुगमन, सुपरिवेक्षण र व्यवस्थापन गर्ने,

(ख)विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनौट गर्ने,

(घ)शिक्षक तथा कर्मचारीहरुको सेवाको सुरक्ष र सम्वर्द्धन गर्ने,

(ङ)विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने, त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकि दिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

---

• पहिलो संशोधनद्वारा थप गरिएको

✓ पहिलो संशोधनद्वारा परिमार्जन गरिएको



CS CamScanner

(च)नेपाल सरकारबाट स्वीकृत भएको दरवन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिन भित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकामा लेखी पठाउने,

(छ) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(ज) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपल कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी गाउँपालिकालाई दिनो तथा आफूलाई कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन गाउँपालिकामा पठाउने,

(झ)विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(ञ)विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने,

(ट)नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ठ)विद्यार्थीहरुले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरुको अभिलेख अद्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दा दाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण)विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्ये कम्तीमा तीन जनाले लेखापरीक्षकको नाम नियुक्तिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(त)विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(थ) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(द) सुपरीवेक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(ध) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागज पत्र र अभिलेख सुरक्षित गर्ने,

(न) गाउँपालिका सँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(प) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रर्कतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा गाउँपालिकामा माग गर्ने,

(फ)वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(ब) विद्यालयको विपद जोखिम अवस्थाको लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्य योजना बमोजिम कार्यान्वयन गर्ने,

(भ) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(म) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारवाहीलाई व्यवस्थितगर्न कार्य विधि बनाई गाउँपालिका शाखा प्रमुख मार्फत गाउँपालिकाबाट स्वीकृत गराई लागू गर्ने,



CamScanner

(य) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पुरा नगरेमा प्रचलित कानुन बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेड वृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्ष सम्म बढुवा रोक्का गर्न गाउँपालिका समक्ष कारवाहीको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारवाही अगाडि बढाउँदा सफाइको मनासिब मौक दिनु पर्नेछ ।

(र) गाउँपालिकाले दिएको निर्देशन अनुरुप काम गर्ने ।

(ल) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन पेश गर्ने ।

(व) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने ।

(श) तोकिएबमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(ष) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँच बुझ्ने गर्ने ।

**(१०) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालक सँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापना गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्धन गर्ने,

(ग) विद्यार्थीलाई परीक्षामा सामेल गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दा दाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्वन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपूर्तिको प्रकिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलब भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ञ) आफ्नो आचरण अनुसारका काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(ट) विद्यालयको लेखापरीक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्येबाट कम्तीमा ती जना लेखापरीक्षकको नाम नियुक्तिको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ठ) विद्यार्थीहरुले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

(ड) गाउँपालिका दिएका निर्देशन अनुरुप काम गर्ने ।

(ढ) तोकिए बमोजिम शिक्ष अभिभावक संघ गठन गर्ने ।

(ण) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँज बुझ्न गर्ने ।



CS CamScanner

(११) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य सचिवलाई प्रत्यायोजना गर्न सक्नेछ ।

(१२) व्यवस्थापन समितिको छनौट योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४.विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**(१) देहायको अवस्था वा तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सो को कारण खुलाई शाखा प्रमुखको सिफारिसमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क)विद्यालयको सम्पत्ति हिना मिना गरेमा,

(ख)विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग)नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको नीति विपरित काम गरेमा,

(घ)विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा,

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन गरेमा तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौक दिनु पर्नेछ ।

(२) उपदफा (१)बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अइ कुैन कारण विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न गाउँ शिक्षा समितिको एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढीमा ६ महिनाको हुनेछ ।

**१५.विद्यालयको सम्पत्ति:** (१)विद्यालयको नाममा रहेको चल-अचल सम्पत्तिको सुरक्ष गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृत रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल-अचल सम्पत्तिको व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(३)शैक्षिक गुठी तथा सहकारीको रुपमा संचालित संस्थागत विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र यो सर्म्पत्तिको स्वरुप गाउँपालिकाको स्वीकृती विना परिवर्तन हुने छैन ।

(४)कम्पनीको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५)संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल-अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६)उपदफा (५) बमोजिमको सम्पत्ति गाउँपालिकाको स्वीकृति वेगर सट्टापट्टा र बेचविखन गर्न पाईने छैन ।

(७)विद्यालयको सम्पत्ति संरक्षण सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६.विद्यालयको वर्गीकरण:**विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**१७. नि:शुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था :**(१)नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले नि:शुल्क शिक्षा घोपणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघ सस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।



CamScanner

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७)संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृती दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्छ ।

(१०)यस ऐन विपरित शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पचास हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

१८.**विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धि व्यवस्था:**(१)नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२)संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः शत प्रतिशत, पचास प्रतिशत तथा पच्चिस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिब, महिला, जनजाति, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(४)विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ ।

(५)उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधारहरु तथा प्रकिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्ने:** (१) सबै अभिभावकले चार वर्ष पूरा भएका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा र पाँच वर्षपूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम आफ्नो क्षेत्र भित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा गाउँ शिक्षा समिति, सम्बन्धित वडाको वडा अध्यक्ष, विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमना तथा निरीक्षण गर्नु पर्नेछ ।

(३)कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

(४)उपदफा (३) बमोजिम सम्झाई, बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई गाउँपाकिबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले लिनि शुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

**२०.विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवार्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्ने:**

(१) गाउँपालिका गाउँ शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयकोनाम परिवार्तन गर्न, सञ्चालन भईरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालयमा गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न, कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) गाउँपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा संचालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१.शिक्षकको सरुवा:**(१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शाखा प्रमुखले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ । तर त्यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको नगरपालिका वा गाउँपालिकाको सहमतिलाई गाउँ शिक्षा समितिको निर्णय बमोजिम सरुवा गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधिपूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा गाउँपालिकाले आफ्नो गाउँ भित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ । तर दरबन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारण बश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष पूरा नभएको भए पनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४)स्थायी नियुक्ति लिएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकको सामान्य तया सरुवा गरिने छैन ।

---

+ पहिलो संशोधनद्वारा थप गरिएको

✓ पहिलो संशोधनद्वारा परिमार्जन गरिएको

२२.शिक्षक छनौट समिति:(१)सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क)विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

✓ (ख)शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग)गाउँपालिकामा सूचिकृत विषय विशेषज्ञहरु मध्ये दुई जना -सदस्य

(घ)प्रधानाध्यापक -सदस्य सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्य विधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्य विधिको पालना गर्नु पर्नेछ ।

(३) शिक्षक छनौट समितिको बैठक सम्बन्धि अन्य कार्य विधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. करारमा शिक्षक नियुक्ति सम्बन्धि व्यवस्था: (१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले शाखा प्रमुख मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यता क्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३)उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूची समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४)उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शाखा प्रमुखबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५)राहत अनुदान कोटमा करार शिक्षक छनौट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ ।

२४.विद्यालय तथा प्रारम्भिक वाल शिक्षा केन्द्रलाई अनुदान: गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

(क)विद्यालयको विद्यार्थी संख्या

(ख) विद्यालय शिक्षक संख्या

(ग) विद्यालयको सिकाई उपलब्धी

(घ) विद्यालय आर्थिक अवस्था

(२) गाउँपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक वाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम गाउँपालिकाले अनुदान दिन सक्नेछ ।

---

✓ पहिलो संसोधनद्वारा परिमार्जन गरिएको



CamScanner

(३)विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शिर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गरिने छैन। तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौति गर्न कुनै बाधा पर्ने छैन।

**२५. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने:** (१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत संचालित विद्यालयहरु बीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ।

(२)उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२६.सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने:** (१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन।

(३)सामुदायिक सिकाई केन्द्र सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२७.निर्देशन दिन सक्ने:** (१) कार्यपालिकाले आवश्यकता अनुसार गाउँ शिक्षा समिति, र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२)उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**२८.अनुमति वा स्वीकृति रद्द गर्न सकिने:** कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति गाउँपालिकाले रद्द गर्नेछ।

**२९.विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**(१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्रकायमा गर्नुपर्नेछ।

(२)उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३०.बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरीक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन।

**३१.शिक्षक तथा कर्मचारीको पदीय आचरण:** (१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनु पर्नेछ।

(२)शिक्षक तथा कर्मचारीहरुको लागि आचार संहिता तोकिनेछ। तोकिएका आचार संहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ।



CS CamScanner

(३) तोकिएको आचार संहिताको पालना नगरेमा एवं देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने छ ।

क) पदीय दायित्व पूरा नगरेमा,

ख) बिना सूचना लगातार १५ दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

घ) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा, यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेशस्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनु पर्छ ।

**३२.शिक्षकलाई अन्य काममा लगाउन नहुने**: (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने र विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धि काममा बाहेक अन्य काममा लगाउनु पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धि काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३३. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने**: नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेका विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**३४.स्थायी आवासीय अनुमति लिन नहुने**: सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुन अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यसरी बर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

**३५.कर्मचारी सम्बन्धि व्यवस्था**: विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

**३६.शिक्षक विद्यार्थीको अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायता**: शिक्षक विद्यार्थीको अनुपात दरबन्दी मिलान र थप शिक्षक सायता तोकिए बमोजिम हुनेछ ।

**३७. ट्यूसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धि व्यवस्था**:

(१)ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्व तयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(२)ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्व तयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३८. नियम बनाउने अधिकार**: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।



CamScanner

(क)विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु

(ख) विद्यालयको छात्रवृत्ति

(ग) विद्यालयलाई दिइने अनुदान

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन र व्यवस्थापन

(ङ) विद्यार्थी सिकाई उपलब्धिको परीक्षण तथा मूल्याङ्कन

(च)विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान

(छ)विद्यालय नक्सांकन र समायोजन

(ज) विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग

(झ)माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन

(ञ)प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन

(ट)विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा

(ड) विद्यालयको नामाकरण

(ढ) विद्यालयमा छात्रवास संचालन सम्वन्धि व्यवस्था

(ण)विद्यालयको पाठ्यक्रम पाठयपुस्तक र सन्दर्भ सामग्री

(त)विशेष तथा समावेशी शिक्षा

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा

(ददुर तथा खुला शिक्षा

(ध)गाउँ शिक्षा कोष

(न) विद्यालयको कोष

(प) विद्यालयको पुस्तकालय वाचनालय

(फ) ट्यूसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय वाहिर हुने अध्यापन सेवा

(ब)शिक्षक तथा विद्यार्थीको आचार संहिता

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा

(म)शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम

(य)प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार सुविधा

(र)विद्यालयको झण्डा, चिन्ह र प्रार्थना

(ल) विद्यालयको परीक्षा

(व) स्थानीय पुस्तकालय र वाचनालय संचालन सम्वन्धि व्यवस्था

(श) अभिभावक शिक्षा

(ष)गाउँपालिका सहजकर्ता शिक्षक र विद्यालय कर्मचारी सम्वन्धि व्यवस्थापन



CamScanner

३९. **बाधा अड्काउ हटाउने अधिकार:** यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ।

४०.**बचाउ र लागू नहुने:** (१) यस ऐन अन्तर्गत बनेका दफामा लेखिएका कुराहरू यसै ऐन बमोजिम र यसमा नलेखिएका कुरा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ।

(२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय संघीय कानुन वा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।